मितिनी नेपाल
MITINI NEPAL
Estd. 2062
DAO Reg No.595
SWC Affiuation No. 2020

Ref. No. :

Date :

मिति २०७५।०९।१६

# प्रेस बिज्ञप्ति

नेपालको संबिधानले यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायलाई पहिचान र समान अधिकारको सुनिश्चित गरेको भएता पनि हालै लागु भएको देवानी र फौजदारि कानुनले यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायलाई पहिचान र समान अधिकारको सुनिश्चिता गर्न सकेन। नेपालको संविधान ले धारा १२, १८ र ४२ मा यौनिक तथा लैंगिक अल्पसंख्यकको अधिकार सुरक्षित गरेता पनि नीतिनियम बनाउदा यो समुदायको लागि आधारभूत कानुन समेत बनेका छैनन्। कतिपय निकायहरूले यो समुदाय प्रति हेर्ने दृष्टिकोण अझै नराम्रो छ र फरक समाजको फरक दृष्टिकोण भयकै कारण पनि समाजमा यी समुदाय असहज रुमपा बस्न बाध्य छन्। पहिचान र समानता सहितको यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायलाई जीउने वातावरण बनाउनुको सट्टा संहिताले थप निरुत्साहित बनाएको छ। विभेद समलिंगी विवाहका सवालमा मात्र होइन, नागरिकता संशोधन गर्ने ल्याइएको विधेयकमा पनि उस्तै विभेद छ। लैंगिक पहिचानका लागि आधारमा 'अन्य' भनेर नागरिकता दिइन्छ तर, जैविक लिंगका आधारमा नागरिकता लिएर अहिले लैंगिक पहिचान अनुसार परिवर्तन गर्नु भने अव्यावहारिक छ।

यसै अनुरुप पुस ४ गते नागरिकता विधेयकमा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूको संवैधानिक हक अधिकार सुनिश्चित गर्न विभिन्न मागहरू संघिय संसदको राज्य व्यवस्था तथा सुशासन समितिका सभापति माननीय शशी श्रेष्ठलाई यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समूहको क्षेत्रमा कार्यरत संस्था मितिनी नेपाल लगायत यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुको अधिकार तथा पहिचानको मुद्दा उठाउने देशभरीका विभिन्न संघ संस्थाहरूबाट समूहगत रुपमा माग पत्र हस्तान्तरण गरेका थिए। उक्त माग पत्रको लिखित सुझाव लिन का पहिचान अनलाइनका सम्पादक माधब दुलाल लाई संघिय संसदको राज्य व्यवस्था तथा सुशासन समितिका सचिव सुदर्शन खड्काले यौनिक तथा लैंगिक अल्पसंख्यकको अधिकारको बिषय राष्ट्रिय मुद्दा नभएको भनेर दिएको अभिव्यक्ति प्रति मितिनी नेपाल गंभिर

Bhatbateni Marga - 5, Block No. 45, Kathmandu, Nepal, Tel No.: +977-01-4433118
Fax No.: +977-01-4433118, G.P.O. Box: 8974,Cpc 331, Email: mitini.nepal@gmail.com,
Website: www.mitininepal.org.np

मितिनी नेपाल
MITINI NEPAL
Estd. 2062
DAO Reg No.595
SWC Affiuation No. 2020

Ref. No. : Date :

ध्यानाकर्षण गर्न चाहन्छौ । नागरिकता ऐन २०६३ लाई संसोधन गर्न बनेको बिधेयकमा यौनिक तथा लैंगिक अल्पसंख्यकले दिएको लिखित सुझावबारे जानकारी माग्ने पत्रकार लाई, यौनिक तथा लैंगिक अल्पसंख्यकलाई यो बिषय कहाँको राष्ट्रिय मुद्दा हो भन्दै प्रश्न गर्ने सचिव खड्काको अभिव्यक्तिको हामी बिरोध गर्दछौ । पहिचान अनलाइन र यौनिक तथा लैंगिक अल्पसंख्यकको बिषय डलरवादीले उचालिरहेको भन्ने खड्काको आरोपको हामी गंभिर आपत्ती जनाउँछौ । हामी सचिव खड्कालाई प्रश्न गर्छौ तपाईले संघीय संसदको काम निशुल्क गरिरहनु भएको छ ? तपाई जस्तो गरिमामय पदमा आशिन व्यक्तिले हामी जस्ता सामान्य मानवअधिकारबाट बञ्चित समूदायलाई यस्ता आरोप लगाउन सुहाउँछ? तपाईलाई पनि स्मरण होला नेपालमा २०६४ साल पुस ६ गते सर्वोच्च अदालतले यौनिक तथा लैंगिक अल्पसंख्यकलाई पहिचान अनुसारको नागरिकता दिन सरकारलाई दिएको आदेश राष्ट्रिय मात्रै नभएर अन्तराष्ट्रिय बिषय नै बनिरहेको छ । भारतको सर्वोच्च अदालतको पछिल्लो फैसलामा नेपालको सर्वोच्च अदालतको आदेशलाई नजिरका रुपमा राखिएको छ । के तपाईले अहिले पनि यो बिषय राष्ट्रिय मुद्दा होइन भन्न मिल्छ ? यो बिषयमा बोल्ने र लेख्ने पत्रकारलाई समेत डलरबादीको आरोप लगाउने सचिव खड्काको अभिव्यक्ति प्रति आपत्ती जनाउँदै हामी यौनिक तथा लैंगिक अल्पसंख्यक समितिका सचिव खड्कालाई आफ्नो अभिव्यक्ति सच्याउन आग्रह गर्दछौ ।

...............................................

लक्ष्मी घलान

अध्यक्ष

मितिनी नेपाल

Bhatbateni Marga - 5, Block No. 45, Kathmandu, Nepal, Tel No.: +977-01-4433118
Fax No.: +977-01-4433118, G.P.O. Box: 8974,Cpc 331, Email: mitini.nepal@gmail.com,
Website: www.mitininepal.org.np